काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २८४ ❐ आइतवार, १० साउन, २०८३ ❐ Sunday, 26 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीमा मुख्यमन्त्रीको राजिनामासँगै सरकारको चावी नेकपाको हातमा

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ९ साउन

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले प्रदेशसभा बैठकमै शनिबार राजीनामा घोषणा गरेसँगै प्रदेशको सत्ता समीकरण औपचारिक रूपमा बदलिएको छ।

कँडेलको बहिर्गमनसँगै अब कर्णाली सरकारको नेतृत्व नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को हातमा जाने लगभग निश्चित भएको छ। केन्द्रमा एमाले-नेकपा (माओवादी केन्द्र) बीच भएको नयाँ राजनीतिक सहमतिले कर्णालीको सत्ता हस्तान्तरणलाई औपचारिक रूप दिएको हो।

मुख्यमन्त्री कँडेलले प्रदेशसभा बैठकमा आफ्नो धारणा राख्दै प्रदेश प्रमुखसमक्ष पुगेर राजीनामाको औपचारिक प्रक्रिया पूरा गर्ने जानकारी दिए। उनले सत्ता आफ्नो लागि अन्तिम लक्ष्य नभएको बताउँदै पूर्वसहमतिअनुसार नेतृत्व हस्तान्तरण गर्न आफू तयार रहेको दाबी गरे। तर नेपाली कांग्रेसले राजनीतिक सहकार्यको भावना विपरीत व्यवहार गरेको आरोप लगाए।

सरकारको नेतृत्वको विषयमा पहिल्यै समझदारी हुँदा हुँदै परिस्थिति परिवर्तन गरी अचानक सरकार ढाल्ने प्रयास राजनीतिक संस्कारसँग मेल नखाने उनको तर्क छ। उनले भने, 'पूर्व सहमतिअनुसार सरकारको नेतृत्व छोड्न म तयार थिएँ। तर नेतृत्व नलिने र आफूलाई अनुकूल लागेका बेला मात्रै सरकारको नेतृत्व माग्नु राजनीतिक निष्ठा र आदर्शअनुकूल

बाँकी पृष्ठ २



अविश्वास प्रस्तावदेखि राजीनामासम्म

कांग्रेस र नेकपाले असार ३२ गते मुख्यमन्त्री कँडेलविरुद्ध प्रदेशसभामा अविश्वासको प्रस्ताव दर्ता गरेका थिए। शनिबार सोही प्रस्तावमाथिको छलफलका क्रममा कँडेलले प्रतिवाद गर्नुको सट्टा पद त्याग्ने निर्णय सुनाए। यससँगै अविश्वास प्रस्तावले राजनीतिक उद्देश्य पूरा गर्नु अघि नै सत्ता हस्तान्तरणको प्रक्रिया सुरु भएको छ। राजीनामा सम्बोधनका क्रममा कँडेलले आफ्नो कार्यकालमा प्रशासनिक सुधार, सुशासन र विकास निर्माणका क्षेत्रमा उल्लेखनीय काम भएको दाबी गरे। यद्यपि कांग्रेस-नेकपा मिलेर बन्ने सरकारको स्थायित्वबारे भने उनले आशंका व्यक्त गरे। उनले एमालेका शीर्ष नेतृत्वबीच भएको पछिल्लो संवादको प्रसंग उठाउँदै कम्युनिस्ट शक्तिहरूबीच नयाँ राजनीतिक सहकार्यको संकेतसमेत गरेका थिए।

कँडेलको राजीनामाभन्दा केही घण्टाअघि नै केन्द्रमा एमाले र नेकपाबीच प्रदेश सरकार गठनबारे तीनबुँदे राजनीतिक सहमति भएको थियो। सहमतिपत्रमा एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले हस्ताक्षर गरेका छन्।

सहमतिअनुसार कोशी, बागमती र लुम्बिनी प्रदेशको नेतृत्व एमालेले गर्नेछ भने कर्णाली र सुदूरपश्चिम प्रदेशको नेतृत्व नेकपाले गर्नेछ। मधेस र गण्डकी प्रदेशमा अन्य दलसँगको परामर्शपछि नेतृत्वको टुंगो लगाइने सहमति भएको छ।

यस सहमतिसँगै कर्णाली प्रदेश सरकारको नेतृत्व अब नेकपाको भागमा परेको छ। त्यसैले मुख्यमन्त्री कँडेलको राजीनामा केवल एउटा सरकारको अन्त्य मात्र नभई केन्द्रको नयाँ राजनीतिक समीकरण प्रदेशमा कार्यान्वयन भएको संकेतका रूपमा पनि हेरिएको छ।

अंकगणितले पनि नेकपालाई सहज

४० सदस्यीय कर्णाली प्रदेशसभामा नेपाली कांग्रेसका १५, नेकपाका १४, एमालेका १० र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का एक सांसद छन्। एमाले र नेकपाको संयुक्त शक्ति २४ सांसद पुग्ने भएकाले नयाँ सरकार गठनका लागि आवश्यक स्पष्ट बहुमत उनीहरूसँग छ।

यस कारण अब नेकपाको नेतृत्वमा सरकार गठन लगभग निश्चित देखिएको छ। मन्त्रिपरिषद्को स्वरूप, मन्त्रालय बाँडफाँट र नेतृत्व चयनबारे केन्द्रको सहमतिअनुसार प्रक्रिया अघि बढ्ने अपेक्षा गरिएको छ।

यामलाल कँडेल २०८० चैत अन्तिम साता माओवादी केन्द्रको समर्थनमा मुख्यमन्त्री बनेका थिए। त्यसपछि २०८१ साउनदेखि कांग्रेससँगको गठबन्धनमा सरकार सञ्चालन गर्दै आएका थिए। तर केन्द्रको नयाँ सत्ता समीकरणसँगै त्यो गठबन्धन अन्त्य भएको छ।

कँडेलको राजीनामासँगै कर्णाली प्रदेश नयाँ राजनीतिक चरणमा प्रवेश गरेको छ। अब प्रदेश सरकारको चाबी औपचारिक रूपमा नेकपाको हातमा पुगेको छ भने एमाले सत्ता साझेदारका रूपमा रहनेछ। आगामी केही दिनभित्र नयाँ मुख्यमन्त्रीको चयन, मन्त्रिपरिषद् गठन र बजेट कार्यान्वयनको नयाँ कार्यदिशासँगै कर्णालीको राजनीति पुनः नयाँ लयमा प्रवेश गर्ने देखिएको छ।

कर्णालीमा

बाँकी पृष्ठ २

एमाले-नेकपाबीच सातै प्रदेशमा सत्ता सहकार्य गर्ने सहमति



❐ **काँक्रेविहार संवाददाता**
काठामडौं, ९ साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टीबीच प्रदेश सरकार गठन तथा सञ्चालनमा सहकार्य गर्ने सहमति भएको छ।

शनिबार भएको सहमतिअनुसार दुई दलले प्रदेशसभामा संयुक्त रूपमा सरकार गठन गर्दै सत्ता साझेदारी गर्ने भएका छन्। सहमतिपत्रमा पछिल्लो समय प्रदेशसभामा बजेट निर्माणका क्रममा देखिएका असमझदारी, बजेटविहीनताको अवस्था तथा अस्वस्थ राजनीतिक प्रतिस्पर्धालाई अन्त्य गर्दै राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रादेशिक विकासलाई गति दिने उद्देश्य उल्लेख गरिएको छ।

सहमतिअनुसार कोशी, बागमती र लुम्बिनी प्रदेश सरकारको नेतृत्व एमालेले गर्नेछ। यस्तै कर्णाली र सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व नेपाली कम्युनिष्ट पार्टीले गर्ने सहमति भएको छ। मधेश र गण्डकी प्रदेशमा भने प्रदेशसभामा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलहरूसँग समेत परामर्श गरेर सरकारको नेतृत्व र सहभागिताको स्वरूप तय गर्ने सहमति गरिएको छ।

सहमतिपत्रमा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले हस्ताक्षर गरेका छन्।

पहिरोमा पुरिएर एक बालकको मृत्यु, आमाबुवा घाइते, ८ घर उच्च जोखिममा

❐ **काँक्रेविहार संवाददाता**
मुगु, ९ साउन

मुगुको मुगुम कार्मारोङ गाउँपालिका-५, पुलु बजारमा पहिरोले घर पुरिँदा तीन वर्षीय बालकको मृत्यु भएको छ।

शनिबार बिहान करिब ४ बजे स्थानीय पेमा लामाको घर भाडामा लिएर होटल सञ्चालन गर्दै आएका छायाँनाथ रारा नगरपालिका-१३ तिर्पगाउँका ३२ वर्षीय जगनाथ बडुवाल, उनकी २७ वर्षीया श्रीमती सिर्जना बडुवाल र तीन वर्षीय छोरा रमेश बडुवाल सुतिरहेको अवस्थामा माथिबाट ढुंगासहितको पहिरो खस्दा बालकको मृत्यु भएको हो।



पहिरोमा परी जगनाथ र सिर्जनालाई सामान्य चोट लागेको छ। उनीहरूको पुलु स्वास्थ्य चौकीमा उपचार भइरहेको छ।

पहिरोमा पुरिएका बालक रमेशलाई प्रहरी र स्थानीयवासीले उद्धार गरी उपचारका लागि स्वास्थ्य चौकी पुऱ्याए पनि चिकित्सकले बिहान करिब ५:४५ बजे मृत घोषणा गरेका थिए।

करिब २ सय मिटर माथिबाट खसेको पहिरोले घरमा पूर्ण क्षति पुगेको छ। घटनास्थल आसपासका थप आठ घरसमेत उच्च जोखिममा रहेकाले ती घरमा बस्दै आएका स्थानीयलाई सुरक्षित स्थानमा सारिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक रवीराज थपलियाले बताए।

उक्त स्थानमा उद्धारका लागि जिल्ला

बाँकी पृष्ठ २

परीक्षा सुरू भएको ६ मिनेटमै त्रिवि एमबीएसको प्रश्नपत्र बाहिरियो

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ९ साउन

त्रिभुवन विश्वविद्यालय (त्रिवि) एमबीएस प्रथम वर्षको प्रथम सेमेष्टरको परीक्षाको प्रश्नपत्र केही समयमै बाहिरिएको घटना सार्वजनिक भएको छ। एमबीएस प्रथम वर्षको परीक्षाको प्रश्नपत्र परीक्षा सुरु भएको केही मिनेटभित्रै बाहिरिएको हो।

मास्टर अफ विज्नेस स्टडिज विषयको परीक्षा गत बिहीबार १२ बजेदेखि ४ बजेसम्म देशभरका क्याम्पसहरूमा सञ्चालन भएको थियो। रातोपाटीलाई प्राप्त प्रमाण अनुसार प्रश्नपत्र १२ बजेर ६ मिनेटमा बाहिरिएको



देखिन्छ।

प्रश्नपत्रहरू प्राय केहीदिन अगाडी सम्बन्धित परीक्षा केन्द्रमा पठाउने प्रावधान छ। जसमा परीक्षा सुरु हुनुभन्दा केही समय अघि केन्द्राध्यक्षको रोहवरमा प्रश्नपत्रको शिलबन्दी खोलिन्छ। त्यही क्रममा प्रश्नपत्र विद्यार्थीहरूलाई वितरण गरिन्छ। तर, वितरण भएको प्रश्नपत्र परीक्षा सुरु भएको दुई मिनेटमै सामाजिक सञ्जालमा छ्यापछ्याप्ती भेटिएको छ।

विभिन्न ह्वाट्सएपग्रुपबाट प्रश्नपत्र लिक भएको प्रमाण सार्वजनिक भएको छ। एमबीएस प्रथम सेमेष्टरको प्रश्नपत्र केही कलेजबाट लिक भएको विद्यार्थीको गुनासो छ।

यसैबिच त्रिवि स्वतन्त्र विद्यार्थी युनियनले व्यवस्थापन शंकायको ध्यानाकर्षण गराएको छ। त्रिवि स्ववियु सभापति दिपक राज जोशीले एमबीएस प्रथम सेमेस्टरको परीक्षा सुरु भएको केही मिनेटमै प्रश्नपत्र सामाजिक सञ्जालमा सार्वजनिक भएको विषय अत्यन्तै गम्भीर र संवेदनशील भएको बताए।

त्रिवि स्ववियु सभापति जोशीले परीक्षा सञ्चालन भइरहेकै बेला प्रश्नपत्र बाहिरिएको घटनाले परीक्षा प्रणालीको गोपनीयता, निष्पक्षता र विश्वसनीयतामाथि गम्भीर प्रश्न

बाँकी पृष्ठ २

सम्पादकीय

कालोबजारी र कृत्रिम अभाव बन्द गर

वीरेन्द्रनगरमा खाना पकाउने एलपी ग्यासको कृत्रिम अभाव र कालोबजारीले सर्वसाधारणको दैनिक जीवन कष्टकर बनेको छ । बिहान २-३ बजेदेखि खाली सिलिन्डर बोकेर लाइनमा बसेका उपभोक्ताले घण्टौं पालो कुर्दासमेत ग्यास नपाउने अवस्था सिर्जना भएको छ । दैनिक उपभोग्य वस्तुको आपूर्तिमा देखिएको अव्यवस्था, वितरण प्रणालीको कमजोरी, बिचौलियाको चलखेल र कमजोर बजार अनुगमनले समस्या झन् गम्भीर बनाएको छ । तर यस्तो अवस्था देख्दादेख्दै पनि जिल्ला प्रशासन कार्यालय र वीरेन्द्रनगर नगरपालिकाको निष्क्रियताले नागरिकमा आक्रोश बढाएको छ । उपभोक्ताको अनुभवले अहिलेको समस्या ग्यासको वास्तविक अभावभन्दा पनि कृत्रिम अभाव र वितरण प्रणालीको अव्यवस्थासँग सम्बन्धित रहेको स्पष्ट पार्छ । डिलरका अगाडि बिहानैदेखि सयौं उपभोक्ताको भीड लाग्ने, धकेलाधकेल हुने र कतिपय स्थानमा विवादसमेत हुने अवस्था सामान्यजस्तै बनेको छ ।

बजार व्यवस्थापनमा भएको कमजोरीका कारण सुरक्षा निकायसमेत परिचालन गर्नुपर्ने स्थिति आउनु आफैंमा चिन्ताजनक हो । मध्यपूर्वमा इरानमाथि अमेरिका र इजरायलको आक्रमणपछि अन्तर्राष्ट्रिय इन्धन आपूर्ति प्रणाली प्रभावित भएको प्रभाव नेपालमा पनि परेको थियो । त्यसबेला सरकारले आधा सिलिन्डर मात्र वितरण गर्ने नीति अपनाएको थियो । अहिले पुनः पूरा सिलिन्डर बिक्री भइरहे पनि त्यसबेलादेखि उपभोक्तामा अभावको त्रास कायम रहेकाले धेरैले आवश्यकताभन्दा बढी ग्यास सञ्चय गरेको देखिन्छ । नेपाल आयल निगमका अनुसार बजारमा आवश्यक परिमाणमा ग्यास आपूर्ति भइरहेको छ । ग्यास व्यवसायीको तथ्यांकले पनि बिक्री घटेको नभई उल्टै बढेको देखाउँछ । यसको अर्थ समस्या आपूर्तिमा होइन, वितरण र व्यवस्थापनमा छ । एउटै व्यक्तिले पटक-पटक ग्यास खरिद गर्ने, किराना पसल तथा बिचौलियाले ठूलो परिमाणमा ग्यास होल्ड गर्ने र त्यसलाई महँगोमा बिक्री गर्ने प्रवृत्तिले उपभोक्ताको अधिकारमाथि खुला खेलवाड भइरहेको छ ।

सुर्खेतमा कालोबजारीसमेत खुलेआम भएको तथ्य सार्वजनिक भएको छ । सरकारले तोकेको मूल्यभन्दा बढी रकम असुलिएको भेटिएको छ । उपभोक्ता संरक्षण ऐनको ठाडो उल्लङ्घन हुँदाहुँदै पनि दोषीमाथि प्रभावकारी कारबाही नहुनु राज्य संयन्त्रको कमजोरी हो । अझ बढी पीडित विद्यार्थी, डेरावासी र न्यून आय भएका परिवार बनेका छन्, जो घण्टौं लाइन बसेर पनि रित्तो हात फर्किन बाध्य छन् । प्रशासनले बजार अनुगमनको जिम्मेवारी आयल निगमतर्फ देखाउने र आयल निगमले वितरण प्रणालीको समस्या औंल्याउने प्रवृत्तिले समाधान दिँदैन । बजार अनुगमनको अधिकार प्राप्त स्थानीय सरकार वीरेन्द्रनगर नगरपालिका पनि प्रभावकारी रूपमा सक्रिय देखिएको छैन । जिम्मेवार निकायहरु एकअर्कालाई दोषारोपण गरेर उम्कन खोज्नु उपभोक्ताप्रतिको गैरजिम्मेवारी हो । ग्यासजस्तो अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने र उपभोक्ताको बाध्यताको फाइदा उठाउने कार्य कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन । दोषीमाथि कानुनअनुसार तत्काल कारबाही हुनु आवश्यक छ ।

सुशासन र लोकतन्त्रको अन्तरसम्बन्ध



✍ श्यामप्रसाद मैनाली

हरेक राजनीतिक आन्दोलनपछि नेपाली जनताले एउटा नयाँ आशा बोकेका हुन्छन् । २००७ सालको परिवर्तन, २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन, संविधान निर्माण तथा त्यसपछि भएका निर्वाचनहरूमा सुन्दर आकर्षक चुनावी घोषणापत्र लिएर राजनीतिक दलहरू निर्वाचनमा होमिए । निर्वाचनको हरेक चरणमा जनतालाई सबै राजनीतिक दलहरूबाट एउटै वाचा सुनाइयो ।

उनीहरूमध्ये जो कोही शासन सत्तामा पुगे पनि नेपाली जनतालाई सुशासन, भ्रष्टाचार नियन्त्रण, कानुनी शासन र समृद्ध नेपालका पक्षमा दृढताका साथ लागिपर्ने वाचा बन्धन गरे ।

राष्ट्रिय राजनीतिमा पक्कड जमाएका केही सीमित राजनीतिक दलहरू पटकपटक सत्तामा पुगे तर विडम्बना, जनताले खोजेको परिवर्तनभन्दा सत्ता सम्हालेकाहरूको व्यवहार धेरैपटक उस्तै देखियो । अनुहार फेरिए, नाराहरू फेरिए, दल फेरिए तर शासनको शैलीमा अपेक्षित परिवर्तन आएन । त्यसैले धेरै नेपालीको मनमा आज एउटा प्रश्न गुञ्जिरहेको छ- के नेपालमा सुशासन केवल चुनावी नारा मात्र हो ? के कुनै पनि लोकतान्त्रिक आन्दोलनमा सफलता प्राप्त गर्न राजनीति गर्दै आएका दलहरू जनताप्रति इमान्दार नभएकै हुन् त ?

निर्वाचनका बेला राजनीतिक दलहरूले जनताको चाहना, निराशा र भावनालाई बुझेर आकर्षक घोषणापत्र सार्वजनिक गर्छन् तर सरकारमा पुगेपछि ती प्रतिबद्धताहरू कार्यान्वयनभन्दा सत्ता जोगाउने, आफ्ना कार्यकर्तालाई व्यवस्थापन गर्ने र शक्ति केन्द्रहरूलाई सन्तुष्ट पार्ने कार्यमा बढी ऊर्जा खर्च भएको देखिन्छ। परिणामतः जनताको विश्वास कमजोर हुँदै गएको छ। नेपाल आज केवल आन्तरिक राजनीतिक प्रयोगको केन्द्र मात्र बनेको छैन, भूराजनीतिक प्रतिस्पर्धाको पनि केन्द्र बनेको अनुभूति हुन्छ ।

दुई विशाल छिमेकी राष्ट्रका रणनीतिक चासो, अन्तरराष्ट्रिय शक्तिहरूको प्रभाव र देशभित्रको अस्थिर राजनीतिक संस्कृतिले नेपाललाई बारम्बार प्रयोगशाला बनाइरहेको छ । यस्तो अवस्थामा स्थायी नीति, संस्थागत निर्णय र दीर्घकालीन राष्ट्रिय हित ओझेलमा पर्न थालेका छन् ।

विश्वका केही देशहरूले भने यस्तै कठिन अवस्थाबाट सफलतापूर्वक सुशासनको यात्रा तय गरेका छन् । सिंगापुर स्वतन्त्र भएपछि भ्रष्टाचार, गरिबी र सीमित स्रोतले ग्रस्त थियो तर त्यहाँ कडा कानुनी शासन, निष्पक्ष प्रशासन, योग्यता आधारित नियुक्ति र भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अपनाइयो । परिणामस्वरूप आज सिङ्गापुर विश्वकै सुशासित राष्ट्रहरूमध्ये एक मानिन्छ । जर्जियाले सन् २००३ को 'रोज रिभोलुसन'पछि प्रहरी, प्रशासन र सार्वजनिक सेवामा व्यापक सुधार गऱ्यो । भ्रष्टाचार नियन्त्रणका लागि संस्थागत परिवर्तन गरियो र केही वर्षमै नागरिकको राज्य प्रतिको विश्वास उल्लेखनीय रूपमा बढ्यो ।

रुवान्डाले नरसंहारपछि राष्ट्रिय पुनर्निर्माणमा अनुशासन, जवाफदेहिता र विकासलाई प्राथमिकता दियो । यद्यपि त्यहाँ लोकतान्त्रिक स्वतन्त्रताबारे आलोचना पनि छन् तर सार्वजनिक प्रशासनको प्रभावकारिता र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा उल्लेखनीय सुधार देखिएको छ । यी उदाहरणहरूले एउटा स्पष्ट सन्देश दिन्छन् । सुशासन केवल राम्रो नेता आएर मात्र स्थापित हुँदैन । बलियो संस्था, निष्पक्ष कानुन, उत्तरदायी प्रशासन र जागरूक नागरिकको संयुक्त प्रयासबाट मात्र सम्भव हुन्छ । तसर्थ, त्यसमा सुशासन कायम गर्न संयुक्त प्रयास जरुरी छ ।

नेपालमा पनि सुशासनको आधार तयार गर्न केही अपरिहार्य कदम आवश्यक छन् । कानुन सबैका लागि समान रूपमा लागू हुनुपर्छ । संवैधानिक निकायहरू राजनीतिक प्रभावबाट मुक्त हुनुपर्छ । नियुक्ति, बढुवा र सार्वजनिक सेवा पूर्णरूपमा योग्यता र पारदर्शितामा आधारित हुनुपर्छ । राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र बलियो हुनुपर्छ ।

निर्वाचनलाई केवल लोकप्रिय नाराको प्रतिस्पर्धा नभई नीति र कार्यसम्पादनको मूल्याङ्कन गर्ने माध्यम बनाइनुपर्छ । नागरिक समाज, सञ्चार माध्यम र सचेत मतदाताले पनि निरन्तर निगरानी र दबाब कायम राख्नुपर्छ ।

नागरिक सडकमा निस्किनु लोकतन्त्रको असफलता

लोकतन्त्र केवल निर्वाचन सम्पन्न हुनु वा सरकार परिवर्तन हुनु मात्र होइन । यसको वास्तविक सफलता तब मापन हुन्छ, जब नागरिकले आफ्ना अधिकारको रक्षा, न्यायको प्राप्ति र राज्यबाट सेवा लिनका लागि पटकपटक सडकमा उत्रनु नपरोस् । जनआन्दोलनको उद्देश्य तानाशाही शासनको अन्त्य मात्र होइन, जनउत्तरदायी, पारदर्शी र कानुनको शासनमा आधारित राज्य व्यवस्था निर्माण गर्नु पनि हो । तानाशाही शासनमा नागरिकका आवाज दबाइन्छन् । असहमतिलाई अपराध ठानिन्छ । राज्य शक्ति नागरिकमाथि नियन्त्रण कायम गर्न प्रयोग गरिन्छ ।

त्यसैले जनआन्दोलन जन्मिन्छ तर जनआन्दोलनपछि स्थापित लोकतान्त्रिक सरकारले पनि नागरिकलाई आफ्ना सामान्य अधिकारका लागि निरन्तर आन्दोलन गर्न बाध्य बनायो भने त्यो लोकतन्त्रको अपूर्णता हो ।

लोकतान्त्रिक सरकारको पहिलो दायित्व भनेको नागरिकका गुनासा सुन्ने, कानुनी र संस्थागत माध्यमबाट समाधान गर्ने तथा राज्यप्रति जनविश्वास बढाउने हो । नागरिकले सडकलाई अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गर्नुपर्ने अवस्था सिर्जना गर्नु नै सुशासनको परिचायक हो । हरेक समस्या समाधान गर्न सडक नै रोज्नुपर्ने अवस्था रहिरह्यो भने लोकतान्त्रिक संस्थाहरू कमजोर भएको सन्देश जान्छ । विश्वका सफल लोकतन्त्र हरूमा सरकार परिवर्तन हुन्छ तर राज्यका संस्थाहरू स्थिर रहन्छन् । अदालत स्वतन्त्र हुन्छ, संसद प्रभावकारी हुन्छ, अख्तियार र नियामक निकायहरू निष्पक्ष हुन्छन्, सार्वजनिक प्रशासन कानुनअनुसार चल्छ । त्यसैले नागरिकका धेरैजसो समस्या सडकमा होइन, संस्थाभित्रै समाधान हुन्छन् ।

नेपालमा भने परिवर्तनपछि पनि धेरै नागरिकले आफ्ना अधिकारका लागि आन्दोलन, धर्ना, बन्द र प्रदर्शनलाई नै अन्तिम उपाय मान्नुपर्ने अवस्था बेला बेलामा देखिएको छ । यसले राजनीतिक परिवर्तन भए पनि शासन शैलीमा अपेक्षित सुधार हुन नसकेको सङ्केत गर्दछ । नागरिकको धैर्यको परीक्षा बारम्बार लिने व्यवस्था दीर्घकालीन रूपमा लोकतन्त्रका लागि पनि चुनौती बन्छ ।

सुशासनको आधार भनेको सरकारको जवाफदेहिता, पारदर्शिता, कानुनको समान कार्यान्वयन र सार्वजनिक संस्थाहरूको विश्वसनीयता हो । सरकारले आफ्ना निर्णयको उत्तर दिन्छ र स्वामित्व ग्रहण गर्दछ । सार्वजनिक पदाधिकारीहरू कानुनभन्दा माथि हुँदैनन्, भ्रष्टाचारीमाथि निष्पक्ष कारबाही हुन्छ र नागरिकका गुनासा छिटो सम्बोधन हुन्छन्, तब लोकतन्त्र बलियो बन्छ ।

नेपाल आज केवल आन्तरिक राजनीतिक प्रयोगको केन्द्र मात्र बनेको छैन, भूराजनीतिक प्रतिस्पर्धाको पनि केन्द्र बनेको अनुभूति हुन्छ ।

जनआन्दोलनको अन्तिम लक्ष्य अर्को आन्दोलनको तयारी गर्नु होइन, आन्दोलनको आवश्यकता नै कम हुने समाज निर्माण गर्नु हो । जब नागरिकले न्यायका लागि सडक होइन अदालतमा विश्वास गर्छन्, सेवा प्राप्त गर्न आन्दोलन होइन, प्रशासनमा भरोसा गर्छन्, सरकार आलोचनालाई शत्रुता होइन, सुधारको अवसरका रूपमा ग्रहण गर्छन, तब मात्र लोकतन्त्र परिपक्व हुन्छ ।

लोकतन्त्रको सबैभन्दा ठूलो उपलब्धि सरकार परिवर्तन होइन - नागरिकलाई आफ्ना अधिकारका लागि बारम्बार सडकमा उत्रिन नपर्ने अवस्था सिर्जना गर्नु हो । त्यही अवस्थामा शासकहरू नागरिकप्रति वास्तविक रूपमा जवाफदेही हुन्छन्, लोकतान्त्रिक संस्थाहरू सुदृढ हुन्छन् र कानुनी शासन राष्ट्रको स्थायी संस्कारका रूपमा स्थापित हुन्छ । नेपालमा आवधिक निर्वाचन सम्पन्न हुँदा पाँच वर्ष अवधि पूरा गरेका उदाहरणहरू बिरलै छन् । बीच-बीचमै सडकमार्फत अथवा सरकारमार्फत संसद् समाप्त भएको छ र पुनः निर्वाचनमा जाने परिस्थिति बनेको छ । यो परिस्थिति सिर्जना हुनु लोकतन्त्रमाथि प्रश्नचिह्न खडा गर्नु हो ।

शिक्षामन्त्रीको राजीनामापछि कक्रोच आन्दोलन फिर्ता

काँक्रेविहार संवाददाता

काठमाडौं, ९ साउन

भारतका सङ्घीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राजीनामा दिएपछि भारतमा आन्दोलनरत कक्रोच जनता पार्टी (सिजेपी) ले शनिबार आन्दोलनलाई फिर्ता लिएको छ । सिजेपीले सरकारबाट अन्य मागहरू पनि समाधान गर्ने सरकारले आश्वासन दिएपछि जन्तर मन्तरमा ३७ दिनदेखि चलिरहेको आन्दोलन फिर्ता लिएको हो । राजधानीको संविधान क्लबमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै सीजेपीका मुख्य प्रवक्ता सौरव दासले भने, "हामी सहमति भएका सर्तहरू सहमति भएका समयसीमाभित्र कार्यान्वयन हुनेछन् भन्ने बुझाइका साथ सिजेपीले सद्भावनामा आन्दोलन फिर्ता लिन्छ ।"

संविधान क्लबमा केन्द्रीय मन्त्री जेपी नड्डा र जितेन्द्र सिंहसँगको तेस्रो चरणको वार्तापछि सीजेपीले भनेको छ, "केन्द्रीय सरकारले आत्महत्या गरेका नीट परीक्षाका आकांक्षीहरूका परिवारलाई उपयुक्त क्षतिपूर्ति दिने सहमति जनाएको छ र भारतभरका प्रदर्शनकारीहरूविरुद्ध दर्ता भएका मुद्दा (एफआईआर) फिर्ता लिने आश्वासन दिएको छ ।"

परीक्षा...

खडा गर्ने बताए । उनले भने, 'विद्यार्थीको मेहनत, विश्वास र विश्वविद्यालयको प्रतिष्ठामाथि आँच आउने कुनै पनि गतिविधि स्वीकार्य हुन सक्दैन। परीक्षाको निष्पक्षता र विश्वविद्यालयको गरिमामाथि कुनै सम्झौता हुन सक्दैन। दुई दिनभित्र घटनाबारे निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न, प्रश्नपत्र कसरी बाहिरियो, कसको संलग्नता थियो भन्ने विषयमा स्पष्ट जवाफ दिन तथा दोषी जोसुकै भए पनि कानुनबमोजिम कडा कारबाही गर्न नसके व्यवस्थापन सङ्काय डिनले र परीक्षा हेर्ने सहायक डिनले नैतिक जिम्मेवारी महसुस गरी राजीनामा दिनुपर्छ ।'

त्रिवि केन्द्रीय क्याम्पस स्ववियु उपसभापति सनम वलीले प्रश्नपत्र लिक भएर भारतमा पनि आन्दोलन चर्किएको बताए। 'नेपालमा पनि प्रश्नपत्र लिक हुनुले मिहिनेत गर्ने परिश्रमी विद्यार्थीमाथि अन्याय भएको अनुभूति गरेका छौं । यस घटनाले व्यवस्थापन सङ्काय डिन कार्यालयको गम्भीर त्रुटि रहेको पनि देखाउँछ,'उनले भने ।

स्ववियुले त्रिवि केन्द्रीय कार्यालयले यथाशीघ्र घटनाको छानबिन गर्न माग गरेको छ ।

त्रिवि व्यवस्थापन सङ्कायका डिन महानन्द चालिसेले यस घटनामाथि छानबिन गरिने बताए । चालिसेले भने, 'यो घटना परीक्षा भइसकेपछि देखिन्छ । प्रश्नपत्र लिक भएको होइन । हलमा प्रश्नपत्र वितरण हुन्छ । मोबाइल कुनै विद्यार्थीले लग्यो ।

पहिरोमा...

प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक पदमबहादुर खत्रीको कमान्डमा ७ जनासहित छायल प्रहरी चौकीबाट ६ जनाको टोली खटिएको थपलियाले बताए ।

पुलुमा रहेका प्रहरी र स्थानीयले अहिले उद्धार गरिरहेको प्रहरीले जानकारी गराएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शुभास चन्द्र रावलका अनुसार औषधि गोदाम, पुराना सरकारी अभिलेख, लेखापरीक्षण सम्पन्न भएर भण्डारण गरिएका श्रेस्ता तथा अन्य महत्त्वपूर्ण कागजात पहिरोसँगै बगेर कर्णाली नदीमा मिसिएका छन् ।

उनका अनुसार पालिका भवनमाथिबाट पटक-पटक पहिरो झर्ने क्रम नरोकिएकाले कर्मचारीहरू त्रासबीच सेवा प्रवाह कसरी गर्ने अन्योलमा छन् । 'पालिका भवनमाथि निरन्तर पहिरो झरिरहेको छ । सेवा सञ्चालन गर्ने कठिन भएको छ । कुनै पनि बेला ठूलो क्षति हुन सक्ने जोखिम छ,' उनले भने ।

मुगम कार्मारोङ गाउँपालिकाको कार्यालय सुरक्षित स्थानमा सानु पर्ने देखिएको उनको भनाइ छ । पुलु बजार पहिरोको उच्च जोखिममा छ ।

तत्काल यहाँ दीर्घकालीन योजना नबनाइए आगामी वर्षमा अझ ठूलो मानवीय र भौतिक क्षति हुन सक्ने स्थानीयको भनाइ छ ।

कर्णालीमा...

होइन ।'

कँडेलले कांग्रेसका मन्त्रीहरूले सामूहिक राजीनामा दिएर त्यसको भोलिपल्ट अविश्वासको प्रस्ताव दर्ता गर्नु 'छापामार शैली' को राजनीति भएको टिप्पणी गरे। 'एक दिनअघि विश्वास गर्ने र अर्को दिन अविश्वास गर्ने प्रवृत्तिले लोकतान्त्रिक संस्कारलाई कमजोर बनाउँछ,' उनले भने ।

उनले कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीलाई आफूले पटक-पटक सत्ता हस्तान्तरणका लागि पहल गर्न आग्रह गरेको दाबी पनि गरे। 'गठबन्धन यहाँ बनेको होइन, केन्द्रबाट बनेको हो । त्यसैले माथि छलफल गर्नुस्, तपाईंले पहल गर्नुभयो भने म नेतृत्व छोड्न तयार छु भनेकै हो,' कँडेलले प्रदेशसभामा भने। तर शाहीले त्यसबारे कुनै पहल नगरेको उनको भनाइ थियो ।

अंकगणितले...

देखिएको पछिल्लो घटनाक्रमले एउटा सन्देश स्पष्ट गरेको छ– प्रदेश सरकारको भविष्य अब प्रदेशसभाको अंकगणितभन्दा बढी केन्द्रको राजनीतिक समझदारीले निर्धारण गर्ने अवस्थामा पुगेको छ । मुख्यमन्त्री कँडेलको बहिर्गमन त्यसको सबैभन्दा ताजा उदाहरण बनेको छ ।

मुगु-कर्णाली करिडोर जोड्ने नेरघाटमा बेलिब्रिज सञ्चालन



❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, ९ साउन

हुम्ला र मुगु जिल्लाको सिमानास्थित नेरघाटमा कर्णाली नदीमाथि बेलिब्रिज निर्माण सम्पन्न भएपछि मुगुको सोरु गाउँपालिका पाँचका स्थानीय प्रत्यक्ष रूपमा कर्णाली करिडोरसँग जोडिएका छन् ।

पुल सञ्चालनमा आएसँगै वर्षौंदेखि तुइन र झोलुङ्गे पुलको भरमा जोखिमपूर्ण यात्रा गर्न बाध्य स्थानीयको समस्या समाधान भएको छ ।

कर्णाली प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालयको आर्थिक सहयोग र सोरु गाउँपालिकाको सहजीकरणमा निर्माण गरिएको उक्त पुलले नेर र ताजा बस्तीका बासिन्दालाई सहज आवतजावतको सुविधा उपलब्ध गराएको छ ।

पुल सञ्चालनपछि गाउँसम्म सवारीसाधन पुग्न थालेको, यात्रा समय छोटिएको तथा दैनिक उपभोग्य सामग्री र कृषि उत्पादनको ढुवानी सहज भएको स्थानीयले बताएका छन् ।

हुम्लाको सर्केगार्ड गाउँपालिका एक जैरका पदमबहादुर धामीका अनुसार पुल निर्माणअघि स्थानीयले कर्णाली नदी पार गर्न बाबियोको तुइन र झोलुङ्गे पुल प्रयोग गर्नुपर्ने बाध्यता थियो। वर्षायाममा नदीमा पानीको बहाव बढ्दा आवतजावत झन् जोखिमपूर्ण हुने गरेको थियो ।

पशुचौपाया ओसारपसार गर्न कठिन हुनुका साथै कर्णाली करिडोरसम्म पुग्न चारदेखि पाँच घण्टासम्म लाग्ने गरेको उनले बताए । उनका अनुसार पुल सञ्चालनपछि गाउँबाट पालिका केन्द्र, मुगुको सदरमुकाम गमगढी तथा हुम्लाका विभिन्न बस्ती हुँदै कर्णाली करिडोरमार्फत सुर्खेत र नेपालगञ्जसम्म पुग्न सहज भएको छ । यसले स्थानीय कृषकले उत्पादन गरेका रैथाने अन्नबाली, फलफूल तथा अन्य कृषि उपज समयमै बजारसम्म पुऱ्याउन सक्ने भएकाले स्थानीयको आयआर्जनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

पूर्वाधार विकास कार्यालय मुगुका सूचना अधिकारी मनमोहन सिंह खड्काका अनुसार बेलिब्रिज ६० मिटर लम्बाइ र ३.६ मिटर चौडाइको रहेको छ । उक्त पुल रिडार्क नेपाल प्रालि, ललितपुरले निर्माण गरेको हो ।

हुम्ला कर्णाली नदीमा पानीको उच्च बहाव तथा अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यवृद्धिका कारण निर्माण कार्य केही प्रभावित भए पनि निर्धारित समयभित्रै सम्पन्न गरिएको उनले जानकारी दिए ।

पूर्वाधार विकास कार्यालय मुगुले २०८१ असार चार गते करिब चार करोड ९४ लाख रुपैयाँ लागतमा पुल निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो ।

निर्माण कार्य २०८३ असार मसान्तभित्र सम्पन्न भई अहिले सञ्चालनमा आएको हो । पुल निर्माणपछि नेर र ताजा गाउँका करिब एक हजार पाँच सयभन्दा बढी स्थानीय प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । यसबाट मुगुका मात्रै होइन, हुम्लाका बासिन्दाले पनि सहज आवतजावत, सामान ढुवानी तथा व्यापारिक गतिविधिमा लाभ लिन सक्ने अपेक्षा गरिएको छ ।

स्थानीयका अनुसार पुल सञ्चालनले दुर्गम बस्तीको यातायात, कृषि बजार पहुँच र समग्र आर्थिक गतिविधिमा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ ।

देशभर २४ घण्टामा विपद्का २९ घटना: छ जनाको मृत्यु, १३ घाइते

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ९ साउन



नेपालका २४ जिल्लामा पछिल्लो २४ घण्टाको अवधिमा भएका २९ वटा प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का घटनामा परि ६ जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् । गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले साउन ९ गते बिहान १० बजे सार्वजनिक गरेको विवरणअनुसार सर्पदंशबाट ४ जना, पहिरोबाट १ जना र ग्यास विष्फोटबाट १ जनाले ज्यान गुमाएका हुन् । पछिल्लो २४ घण्टाको अवधिमा ७ जिल्लामा भएका ११ वटा सर्पदंशका घटनाबाट ४ जनाको मृत्यु र ७ जना घाइते भएका छन् भने ७ जिल्लामा घटेका ८ वटा पहिरोका घटनामा १ जनाको मृत्यु र ३ जना घाइते हुनुका साथै १ जनाको सकुशल उद्धार गरिएको छ । यसैगरी ग्यास विष्फोटको एक घटनामा १ जनाको मृत्यु र १ जना घाइते भएका छन् ।

यसबाहेक आगलागीका ४, बाढीको १, अविरल वर्षाका २, लेक लाग्ने १ र जनावर आक्रमणका १ वटा घटनामा मानवीय क्षति नभए पनि विभिन्न भौतिक क्षति पुगेको छ । विपद्का यी घटनाहरूका कारण देशभर ६ वटा प्रमुख सडक मार्गहरू अवरुद्ध भएका छन्, ९ वटा चौपायाको क्षति भएको छ र करिब ६ लाख ५० हजार रुपैयाँ बराबरको आर्थिक क्षति पुगेको छ । यी सम्पूर्ण विपद् व्यवस्थापन र उद्धार कार्यका लागि देशभर जम्मा १२८ जना सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

चालू आर्थिक वर्षको वैशाख १ गतेदेखि साउन ९ गतेसम्मको मौसमी तथ्याङ्कलाई हेर्दा मुलुकभर कुल ३ हजार ७४० वटा विपद्का घटना भएका छन् । यस अवधिमा विभिन्न विपद्का कारण १ सय ८३ जनाको मृत्यु भएको छ, ३ जना बेपत्ता भएका छन्, १ हजार ७६ जना घाइते भएका छन् र ४ हजार ८ सय ८ परिवार प्रत्यक्ष रूपमा प्रभावित बनेका छन् । समग्र मौसमी क्षतिमा विशेषगरी सर्पदंशबाट ५२, चट्याङबाट २५, लेक लागेर २१, आगलागीबाट १८, जनावर आक्रमणबाट १७, पहिरोबाट १४, बाढीबाट १३ र हावाहुरीबाट १३ जनाको मृत्यु भएको तथ्याङ्कले देखाएको छ । तराई तथा भित्री मधेसमा गर्मी र वर्षाका कारण सर्पको उच्च जोखिम रहेकाले राति टर्च लाइट बाल्न, घर वरिपरि सरसफाइ राख्न र सर्पले टोकेमा झाँक्रीकहाँ नभई तत्काल नजिकैको सर्पदंश उपचार केन्द्रमा जान गृह मन्त्रालयले आग्रह गरेको छ । साथै, पहिरो तथा बाढी प्रभावित जोखिमयुक्त क्षेत्रमा यात्रा गर्दा पूर्वसूचना लिएर सतर्कता अपनाउन र आपत्कालीन अवस्थामा नजिकैको प्रहरी चौकी वा प्राधिकरणका आधिकारिक च्यानलमा सम्पर्क गर्न अनुरोध गरिएको छ ।

कर्णालीका १६ लाख नागरिक बिमाको दायरामा

❐ **काँक्रेविहार संवाददाता**
सल्यान, ९ साउन

कर्णाली प्रदेश सरकारले प्राकृतिक विपत्बाट हुने मानवीय क्षतिलाई मध्यनजर गर्दै प्रदेशका स्थायी बासिन्दा तथा प्रदेशभित्र कार्यरत नेपाली नागरिकलाई सामूहिक दुर्घटना बिमाको दायरामा ल्याएको छ ।



यस कार्यक्रमअन्तर्गत कर्णालीका १६ लाख ८८ हजार चार सय १२ जना नागरिक समेटिएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय बिमा कम्पनी लिमिटेडबीच भएको सम्झौता अनुसार प्राकृतिक विपत् जोखिम सामूहिक दुर्घटना बिमा कार्यक्रम २०८३ जेठ ३१ देखि २०८४ जेठ २९ गतेसम्म लागू रहनेछ ।

यस अवधिमा प्राकृतिक विपत्का कारण मृत्यु भएका नागरिकका परिवारले प्रतिव्यक्ति दुई लाख रुपैयाँसम्म बिमा दाबी गर्न सक्ने व्यवस्था गरिएको छ । बाढी, पहिरो, भूकम्प, चट्याङ, आगलागी, डढेलो, हिमपहिरो, हिमताल विस्फोट, हावाहुरी, शीतलहर, तातो हावाको लहर, खडेरीलगायत प्राकृतिक विपत्का कारण ज्यान गुमाएका नागरिकका परिवारले बिमा सुविधा पाउनेछन् ।

प्राकृतिक विपत्सँग सम्बन्धित जङ्गली जनावरको आक्रमण, ढुङ्गा लाग्ने, भिरबाट लड्ने तथा नदीमा बग्ने वा डुब्ने घटनामा मृत्यु भए पनि बिमा रकम उपलब्ध गराइनेछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव विद्या उपाध्यायका अनुसार कर्णालीका स्थायी बासिन्दाले देशको जुनसुकै स्थानमा प्राकृतिक विपत्का कारण मृत्यु भए पनि बिमा सुविधा पाउनेछन् । साथै अन्य प्रदेशका नागरिक भए पनि कर्णाली प्रदेशभित्र सरकारी, गैरसरकारी वा अन्य क्षेत्रमा कार्यरत नेपाली नागरिकसमेत यस योजनामा समेटिएका छन् । बिमा दाबी प्रक्रिया सहज बनाउन राष्ट्रिय बिमा कम्पनीले कर्णालीका सबै जिल्लामा प्रतिनिधि खटाउने व्यवस्था गरेको छ ।

पीडित परिवारले घटना भएको ३५ दिनभित्र बिमा दाबी गर्नुपर्नेछ । विशेष कारणवश ढिलाइ भए स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयको सिफारिससहित एक सय ८० दिनभित्र दाबी गर्न सकिने व्यवस्था छ । यस योजनाअन्तर्गत प्रतिव्यक्ति वार्षिक नौ रुपैयाँ ३३ पैसा बिमा शुल्क प्रदेश सरकारले बेहोर्नेछ । कुल एक करोड ५७ लाख ५२ हजार नौ सय चार रुपैयाँ बिमा शुल्क प्रदेश सरकारले राष्ट्रिय बिमा कम्पनीलाई उपलब्ध गराउनेछ ।

प्रदेश सरकारले २०७६ सालदेखि सञ्चालन गर्दै आएको यस कार्यक्रमअन्तर्गत हालसम्म तिन सय ९८ जना नागरिकले बिमा सुविधा प्राप्त गरिसकेका छन्। तीमध्ये एक सय ५१ जना जाजरकोट भूकम्पबाट प्रभावित परिवारका सदस्य रहेका छन् ।

तातोपानीमा शिक्षा सुधार समिति गठन



❐ **काँक्रेविहार संवाददाता**
जुम्ला, ९ साउन

जुम्लाको तातोपानी गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नौ सदस्यीय सुझाव समिति गठन गरेको छ ।

गाउँपालिकाले पछिल्ला चार वर्षदेखि शिक्षा क्षेत्रमा उल्लेखनीय लगानी गरे पनि अपेक्षाअनुसार शैक्षिक उपलब्धि हासिल हुन नसकेको निष्कर्ष निकाल्दै सुधारका लागि नयाँ पहल थालेको हो ।

शुक्रबार आयोजित बृहत् शैक्षिक अन्तरक्रिया कार्यक्रममा सामुदायिक विद्यालयको वर्तमान अवस्था, चुनौती र सुधारका उपायबारे छलफल गरिएको थियो । कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, पूर्व जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिको सहभागिता रहेको थियो ।

गाउँपालिकाले पछिल्ला वर्षहरूमा कर्णालीमै पहिलोपटक अर्गानिक दिवा खाजा कार्यक्रम, नमुना भान्साघर निर्माण, शिक्षक क्षमता विकास, कक्षाकोठा बाँकी पृष्ठ ४

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

वर्षौंदेखि दोहोरिदै गोगने खोलाको पहिरा

❐ काँक्रेविहार संवाददाता

कालीकोट, ९ साउन

कर्णाली राजमार्ग अन्तर्गत कालीकोटको गोगने खोला क्षेत्रमा आएको लेदोसहितको पहिरोले पटक पटक यातायात अवरुद्ध बनाउने गरेको छ। अविरल वर्षापछि खसेको पहिरोका कारण सुर्खेत देखी जुम्ला सडकखण्ड पूर्ण रूपमा बन्द हुँदा यात्रु, स्थानीयवासी तथा अत्यावश्यक सेवाका सवारीसाधन प्रभावित हुने गर्दछन्।



जिल्ला प्रहरी कार्यालय कालीकोटका अनुसार प्रतिकूल मौसम र रातिको समयमा पहिरो हटाउने काम तत्काल सुरु गर्न कठिनाइ भएको छ। मौसममा सुधार आएपछि उपकरण र जनशक्ति परिचालन गरी सडक खुलाउने तयारी गरिएको प्रहरीले जनाएको छ। तर हरेक वर्ष दोहोरिने यो समस्या भने पहिरो हटाउने सामान्य प्रक्रियाले मात्र समाधान हुने अवस्थामा छैन।

गोगने खोला क्षेत्र कर्णाली राजमार्गको संवेदनशील र जोखिमयुक्त स्थानमध्ये एक हो। वर्षा सुरु हुनेबित्तिकै पहिरो खस्ने, सडक अवरुद्ध हुने र केही समयपछि अस्थायी रूपमा सञ्चालनमा आउने क्रम वर्षौंदेखि चलिरहेको छ। तत्काल सडक खुलाउने प्रयास गरिए पनि भू-बनोट, कमजोर पहाडी संरचना, पर्याप्त संरक्षणको अभाव र दीर्घकालीन योजना कार्यान्वयन नहुँदा समस्या पुनः दोहोरिने गरेको छ। कर्णालीका नागरिकका लागि यो सडक केवल यातायातको माध्यम मात्र होइन, स्वास्थ्य, शिक्षा, व्यापार र दैनिक जीवनसँग जोडिएको प्रमुख आधार हो। सडक अवरुद्ध हुँदा दुर्गम क्षेत्रका नागरिकले थप कठिनाइ भोग्नुपर्छ भने आपतकालीन सेवासमेत प्रभावित हुने अवस्था सिर्जना हुन्छ।

स्थानीयवासीले हरेक वर्ष पहिरो हटाउने अस्थायी उपायभन्दा पनि जोखिमयुक्त क्षेत्रको पहिचान, तटबन्ध निर्माण, सडक संरक्षण तथा दीर्घकालीन इन्जिनियरिङ समाधानमा ध्यान दिन माग गर्दै आएका छन्। कर्णाली राजमार्गको गोगने खोला समस्या अहिलेको मात्र होइन, वर्षौंदेखिको चुनौती हो। अब पनि हरेक वर्ष वर्षा सुरु भएपछि सडक खुलाउने र बन्द हुने चक्र दोहोऱ्याउने हो भने यात्रुको जोखिम र राज्यको खर्च दुवै बढिरहने देखिन्छ।

कर्णालीमै पहिलो भैंसी स्रोत केन्द्र

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ९ साउन

सुर्खेतको वीरेन्द्रनगर १३ करेखोलामा कर्णाली प्रदेशकै पहिलो भैंसी विकास स्रोत केन्द्र स्थापना गरिएको छ। व्यावसायिक भैंसीपालनको प्रवर्द्धन, उन्नत नश्ल सुधार र स्थानीयस्तरमा स्वरोजगार सिर्जना गर्ने उद्देश्यले यशोदा कृषि तथा पशुपन्छी फर्मले करिब दुई करोड रुपैयाँ लगानीमा स्रोत केन्द्र सञ्चालनमा ल्याएको हो।



मंगलबार आयोजित कार्यक्रममा कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले स्रोत केन्द्रको उद्घाटन गरे। उनले प्रदेश सरकारले कृषि तथा पशुपन्छी क्षेत्रलाई प्राथमिकतामा राख्दै किसान र युवालाई व्यावसायिक पशुपालन तर्फ आकर्षित गर्ने कार्यक्रम सञ्चालन गरिरहेको बताए।

मन्त्री शाहले भैंसी स्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम, कृषि तथा पशुपन्छी स्रोत केन्द्र विकास कार्यक्रमलगायतका योजनामार्फत किसानलाई प्रोत्साहन गर्दै आएको जानकारी दिए। उनले कृषि र पशुपालनलाई व्यावसायिक रूपमा अघि बढाएर आत्मनिर्भर बन्न चाहने युवा तथा किसानलाई प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

पशु अस्पताल तथा पशु सेवा कार्यालय सुर्खेतका प्रमुख डा. ऋषभ गुरागाईंले स्रोत केन्द्रले उन्नत जातका पाडापाडी उत्पादन गरी किसानलाई उपलब्ध गराउन सहयोग पुग्ने बताए। उनले नश्ल सुधार, दूध उत्पादन वृद्धि र व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि कार्यालयले प्राविधिक सहयोग गर्ने जानकारी दिए।

कृषि विकास कार्यालय सुर्खेतका प्रमुख चित्रबहादुर रोकायले स्रोत केन्द्रले दूध तथा मासु उत्पादन वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने बताए। उनले कृषि र पशुपालनलाई एकीकृत गरी व्यावसायिक उत्पादनमा जोड दिनुपर्ने आवश्यकता औंल्याए भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका पशुपन्छी विकास महाशाखा प्रमुख कृष्णप्रसाद पंगेनीले उन्नत जातका भैंसीपालनका लागि व्यवस्थित गोठ निर्माण, गुणस्तरीय आहारा, घाँस उत्पादन तथा भण्डारण, मलमुत्र व्यवस्थापन र नियमित पशु उपचारमा ध्यान दिनुपर्ने बताए।

वीरेन्द्रनगर १३ का वडाध्यक्ष दिपेन्द्रराज कोइरालाले करेखोलामा स्थापना भएको स्रोत केन्द्रले स्थानीय युवालाई भैंसीपालन व्यवसायमा आकर्षित गर्दै स्वरोजगार बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा कृषि तथा पशुपन्छी स्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रमअन्तर्गत स्थापना भएका भैंसी र स्थानीय जातका कुखुरा स्रोत केन्द्रलाई दर्ता प्रमाणपत्रसमेत वितरण गरिएको थियो।

स्रोत केन्द्र सञ्चालनसँगै कर्णालीमा उन्नत भैंसीपालन, नश्ल सुधार र पशुजन्य उत्पादन वृद्धि हुने अपेक्षा गरिएको छ।

बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं

नेपाल सरकार

विज्ञापन बोर्ड

तातोपानीमा...

सुधार, सिकाइमा कमजोर तथा अति अशक्त बालबालिकाका लागि घरमै शिक्षक परिचालनलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ। यी कार्यक्रमलाई सेभ द चिल्ड्रेनको सहयोगमा किर्डाक नेपालद्वारा सञ्चालित 'सहयात्रा तेस्रो' परियोजनाले समेत सहयोग गरेको छ।

अन्तरक्रियामा शिक्षा समितिले हालै गरेको अनुगमनको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्दै लगानीअनुसार शैक्षिक उपलब्धि हुन नसकेको उल्लेख गरिएको थियो।

सहभागीहरूले विद्यालयमा भौतिक पूर्वाधार र शैक्षिक सामग्री पर्याप्त भए पनि सिकाइ उपलब्धि सन्तोषजनक नभएकाले अबको प्राथमिकता गुणस्तरीय शिक्षामा केन्द्रित हुनुपर्ने धारणा राखेका थिए।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर चन्दले सामुदायिक विद्यालय सुधार चुनौतीपूर्ण भए पनि सबै पक्षको साझा प्रयासबाट मात्र सफलता सम्भव हुने बताए।

शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक रहेको उनको भनाइ थियो।

गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले शिक्षा सुधारका लागि गाउँपालिकाले दरबन्दी मिलान, विद्यार्थी तथ्यांक व्यवस्थापन, शिक्षक व्यवस्थापन लगायतका महत्वपूर्ण काम गरेको उल्लेख गर्दै अब उपलब्धिको वस्तुगत मूल्याङ्कन गरिने बताए।

शिक्षा सुधारलाई राजनीतिक विषयभन्दा माथि राखेर सबै पक्षको सहकार्य आवश्यक रहेको उनको भनाइ थियो। अन्तरक्रियाले तातोपानी छ का वडाध्यक्ष विशाल खड्काको संयोजकत्वमा नौ सदस्यीय सुझाव समिति गठन गरेको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

GLOBAL OFFSET PRESS

लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागोजिन, पत्रिका

आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ४८५८०५५६२६

गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।

समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)